# दुहवी नगरपालिका

# स्थानीय राजपत्र

खण्ड : ६ संख्या : ३ प्रकाशन मिति : २०८०/०३/२७

## भाग १

# दुहवी नगरपालिका

# नगर आधारभूत अस्पताल तथा स्वास्थ्य संस्था फार्मेसी सेवा संचालन कार्यविधि, २०८०

# नगर आधारभूत अस्पताल तथा स्वास्थ्य संस्था फार्मेसी सेवा संचालन कार्यविधि, २०८०

स्वीकृत मिति : २०८०/०३/२५

**प्रस्तावना**

गुणस्तरीय स्वास्थ्य सेवामा समान पहुँचको संवैधानिक हक प्रत्याभूति गर्दे दुहबी नगरपालिकाको नगर आधारभूत अस्पतालबाट सहज सुलभ एवं गुणस्तरीय स्वास्थ्य सेवा प्रवाह गरी प्रभावकारी रुपमा स्वास्थ्य सेवामा सबै नगरवासीको पहुँच सुनिश्चित गर्नका लागि फार्मेसी विषयका दक्ष जनशक्ति मार्फत आफ्नै फार्मेसी सेवा संचालन गरी बिरामी एवं सेवाग्राहीहरुलाई सुलभ, सहज एवं गुणस्तरीय औषधि तथा उपचारजन्य सामग्रीहरु उपलब्ध गराउन कानूनी व्यवस्था गर्न बाञ्छनीय भएकोले,

नेपाल सरकारको जनस्वास्थ्य सेवा ऐन, २०७५, स्थानीय सरकार संचालन ऐन, २०७४ तथा दुहबी नगरपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन २०७७ को दफा २ को नियम बनाउने दुहबी नगरकार्यपालिकोको अधिकार प्रयोग गरी यो कार्यविधि जारी गरिएको छ ।

## परिच्छेद–१

## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भ :** (१) यस कार्यविधिको नाम "नगर आधारभूत अस्पताल स्वास्थ्य संस्था फार्मेसी सेवा संचालन कार्यविधि, २०८०" रहनेछ ।

(२) यो कार्यविधि दुहबी नगरपालिकाले स्वीकृत गरेको मिति देखि लागु हुनेछ ।

२. **परिभाषा :** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा ,

(१) “पालिका” भन्नाले दुहबी नगरपालिकालाई सम्झनुपर्छ।

(२) “अस्पताल ” भन्नाले नगर आधारभूत अस्पताल, दुहबी भन्ने सम्झनुपर्छ।

(३) “फार्मेसी सेवा” भन्नाले दुहबी नगरपालिकाको नगर आधारभूत अस्पताल र स्वास्थ्य संस्थाहरुमा संचालनमा रहेको र संचालन गरिने औषधी तथा औषधीजन्य सामाग्रीहरुबाट दिइने सेवा सम्झनु पर्दछ।

(४) “ऐन” भन्नाले “ जन स्वास्थ्य सेवा ऐन, २०७५, स्थानीय सरकार संचालन ऐन, २०७४ र दुहबी नगरपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन २०७७” सम्झनुपर्दछ।

(५) “कानून” भन्नाले “नेपाल सरकार, कोशी प्रदेश सरकार तथा दुहबी नगरपालिका प्रच्चलित कानूनहरु” सम्झनुपर्दछ।

(६) “मापदण्ड” भन्नाले “ नेपाल सरकारको स्वास्थ्य सेवा संचालन मापदण्ड, २०७७” सम्झनुपर्दछ।

(७) “फार्मेसी सेवा संचालक समिति” भन्नाले अस्पताल र स्वास्थ्य संस्थामा औषधि तथा औषधिजन्य पदार्थ वा सामाग्रीवाट दिईने सेवा व्यवस्थित एवं प्रभावकारी रुपमा सञ्चालन गर्न गराउन दुहबी नगरपालिकाको नगर आधारभूत अस्पताल संचालन तथा व्यवस्थापन समिति वा सम्बन्धित स्वास्थ्य संस्थाको संचालन तथा व्यवस्थापन समितिद्वारा दफा ८ बमोजिम गठित समिति सम्झनु पर्दछ।

(८) “ “ड्रग एण्ड थेराप्युटिक समिति” भन्नाले अस्पतालबाट दिइने फार्मेसी सेवालाई व्यवस्थित एवं प्रभावकारी रुपमा संचालन गर्न दुहबी नगरपालिकाको नगर आधारभूत अस्पताल संचालन तथा व्यवस्थापन समितिद्वारा दफा ९ बमोजिम गठन भएको सम्झनु पर्दछ।

(९) “अस्पताल फर्मुलरी” भन्नाले अस्पतालमा प्रयोग हुने औषधी तथा औषधीजन्य सामाग्रीहरुको विवरण पुस्तिका सम्झनु पर्दछ।

## परिच्छेद–२

# फार्मेसी संचालन प्रक्रिया, मापदण्ड तथा व्यवस्थापन सम्बन्धी व्यवस्था

**३. अस्पताल तथा स्वास्थ्य संस्था फार्मेसी संचालन प्रक्रिया:** (१) प्रच्चलित फार्मेसी सेवा संचालन तथा सार्वजनिक आपूर्ति, वितरण एवं उपभोग सम्बन्धी कानूनको अधिनमा रही अस्पताल तथा स्वास्थ्य संस्थाले सशुल्क तथा नि:शुल्क फार्मेसी सेवा सञ्चालन गर्नेछ ।

(२) फार्मेसी सेवा सकेसम्म २४ सै घण्टा उपलब्ध गराउनु पर्नेछ ।

(३) औषधि तथा औषधिजन्य सामग्रीको बिक्री मूल्य खरिद मूल्यमा बीस प्रतिशतमा नबढाई निर्धारण गरिनेछ । यसरी बिक्री मूल्य निर्धारण गर्दा अधिकतम खुद्रा मुल्यभन्दा बढी हुनु हुदैन ।

(४) निशुल्क औषधी वितरण गरिने सम्बन्धी व्यवस्था : (क) नेपाल सरकारबाट नि:शुल्क वितरण गर्ने भनि तोकिएको औषधीहरु सरकारी अस्पताल फार्मेसीले नि:शुल्क उपलब्ध गराउनुपर्नेछ ।

(ख) नि:शुल्क वितरण गरिने औषधीहरुको व्यवस्थापन छुट्टै गर्नुपर्नेछ ।

(ग) नि:शुल्क वितरण गरिने औषधीहरुको सूची सबैले देख्ने गरी राख्नुपर्नेछ ।

**४. फार्मेसीको भौतिक व्यवस्थापन :** (१) नेपाल सरकारको स्वास्थ्य सेवा संचालन मापदण्ड,२०७७" तथा फार्मेसी सेवा सम्बन्धी अन्य प्रच्चलित कानून बमोजिम अस्पताल तथा स्वास्थ्य संस्थाको फार्मेसीको भौतिक व्यवस्थापन देहायको मापदण्ड अनरुप हुनुपर्नेछ ।

(क) फार्मेसी अस्पतालको सबै बहिरङ्ग तथा आकस्मिक विभागबाट सहज पहुँचमा हुनु पर्नेछ ।

(ख) फार्मेसी सञ्चालनका लागि औषधि बिक्री वितरण कक्ष प्रयाप्त ठाउँ भएको ओस नलाग्ने, सूर्यको प्रत्यक्ष प्रकाश नपर्ने, सकेसम्म वाताअनुकुलित र प्रयाप्त भेन्टिलेशन भएको हुनु पर्नेछ ।

(ग) विरामीलाई परामर्श दिने उपयुक्त ठाउँ हुनु पर्नेछ ।

(घ) अन्तरङ्ग सेवाको विरामीहरुका लागि छुट्टै डिस्पेन्सिङ्ग काउन्टर हुनु पर्नेछ ।

(ङ) प्रति २०० बहिरङ्ग बिरामीहरुको लागि एउटा डिस्पेन्सिङ्ग काउन्टर हुनेछ ।

(च) भण्डारणको लागि छुट्टै भण्डार कोठाको व्यवस्था हुनु पर्नेछ ।

(छ) औषधि तथा औषधिजन्य सामग्रीको मौज्दात तथा खपत अभिलेख, विजकीकरण, सूचना, लेवलिङ्ग, औषधि सम्बन्धी समस्याहरुको जानकारी आदिका लागि उपयुक्त सफ्टवेयर सहितको कम्प्युटरको प्रयोग गर्नु पर्नेछ ।

(ज) विक्री वितरणका लागि अनुपयुक्त वा फर्काउनु पर्ने वा म्याद गुज्रेका वा नष्ट गर्नुपर्ने औषधी तथा औषधीजन्य सामाग्री असम्वन्धित  ब्यक्तिको पहुँच नहुने गरी सुरक्षित राख्ने छुटै भण्डारको व्यवस्था मिलाउनु पर्नेछ ।

(झ) अस्पताल तथा स्वास्थ्य संस्था परिसरमा औषधिको व्यापारिक प्रवर्द्धन सम्बन्धी कुनैपनि क्रियाकलाप गर्न पाइने छैन ।

**५. फार्मेसीको आर्थिक तथा वित्तीय व्यवस्थापन :** (१) अस्पताल तथा स्वास्थ्य संस्थाको फार्मेसीको मुख्य आर्थिक स्रोत फार्मेसीको औषधि तथा औषधिजन्य सामग्रीहरुको बिक्री वितरणबाट संकलित रकम हुनेछ ।

(२) उपदफा (१) मा जुनसूकै लेखिएको भएपनि फार्मेसी सेवाको आर्थिक स्रोत व्यवस्थापन अस्पताल तथा स्वास्थ्य संस्था संचालनका लागि दुहबी नगरपालिकाको स्वीकृत वार्षिक कार्यक्रम तथा बजेट अधिनमा रही गरिनेछ ।

(३) फार्मेसी सेवाबाट संकलित रकम अस्पताल/स्वास्थ्य संस्थाको खातामा संकलन गरिनेछ ।

(४) उपदफा (३) मा जुनसुकै लेखिएको भएपनि आवश्यकताको सिद्धान्तको आधारमा अस्पताल संचालन तथा व्यवस्थापन समितिको सिफारिसमा अस्पताल फार्मेसीको छुट्टै खाता संचालन गरी देहायको रकम जम्मा गर्न सक्नेछ :

(क) दैनिक बिक्रीबाट संकलित रकम,

(ख) नगरपालिकाबाट प्राप्त रकम,

(ग) अनय व्यक्ति, संघ संस्था तथा दातृ निकायबाट प्राप्त रकम ।

(५) उपदफा (४) बमोजिमको खाताको रकम फार्मेसी सञ्चालन समितिको सिफारिस तथा अस्पताल संचालन तथा व्यवस्थापन समितिको स्वीकृत विना खर्च गर्न पाइने छैन ।

(६) फार्मेसी सेवाको आकस्मिक व्यवस्थापनको लागि आवश्यक कोषको व्यवस्था गर्न सकिनेछ ।

(७) निःशुल्क औषधि तथा सामग्रीहरुको स्रोत व्यवस्थापन दुहबी नगरपालिकाको आधारभूत स्वास्थ्य सेवा तथा लक्षित कार्यक्रम शिर्षकबाट गरिनेछ ।

(८) अस्पताल तथा स्वास्थ्य संस्थाले अति गरीव तथा असहाय विरामीहरुको लागि निःशुल्क औषधि उपलब्ध गराउन आवश्यक व्यवस्था गर्नेछ र यो सेवा प्राप्त गर्ने विरामीहरुको विस्तृत विवरण सहितको अभिलेख मासिक रुपमा अनुमोदन गराइ सार्वजनिक गर्नु पर्नेछ ।

(९) अस्पताल फार्मेसीको जिन्सी तथा नगद कारोवारको नियमित, दैनिक हरहिसाब अद्यावधिक राखी सप्ताहिक, मासिक, त्रैमासिक, अर्धवार्षिक र वार्षिक प्रतिवेदन अस्पताल फार्मेसी सञ्चालन समितिबाट रुजु गरी अस्पताल व्यवस्थापन समितिबाट अनुमोदन गर्नु पर्नेछ ।

(१०) अस्पताल र स्वास्थ्य संस्था फार्मेसीको आय व्ययको हिसाबबाट खुद बचतको आधारमा अस्पताल/स्वास्थ्य संस्था संचालन तथा व्यवस्थापन समितिको निर्णयबाट चिकित्सक तथा कर्मचारीहरुलाई प्रोत्साहन स्वरुप रकम उपलब्ध गराउन सकिनेछ ।

(११) प्रत्येक त्रैमासिक र आर्थिक वर्षको अन्तमा फार्मेसीमा खरिद भएको अद्यावधिक परिमाण, बिक्री भएको परिमाण तथा बाँकी परिमाणको सन्तुलन परीक्षण (Trial Balance) तयार गरी फार्मेसी व्यवस्थापन समितिबाट अनुमोदन गर्नु पर्नेछ ।

(१२) वार्षिक आयव्ययको लेखा परीक्षण गराउनु पर्नेछ ।

**६. फार्मेसी सेवा संचालनका लागि आवश्यक जनशक्ती तथा अन्य व्यवस्था** :(१) नगर आधारभूत अस्पताल फार्मेसीको जनशक्ति व्यवस्थापन देहाय अनुसार गरिनेछ :

(क) नेपाल सरकारको स्वास्थ्य सेवा संचालन मापदण्ड,२०७७" तथा आधारभूत अस्पतालको नमूना दरबन्दी संरचना २०७९ र यस नगर पालिकाको नगर आधारभूत अस्पताल संचालन व्यवस्थापन कार्यविधि २०७८ र यस नगरपालिकाको नगरकार्यपालिकाबाट स्वीकृत अस्थायी दरबन्दी संरचना अनुसार तोकिए बमोजिमका फार्मेसी सेवाका जनशक्तिबाट नगर आधारभूत अस्पतालको फार्मेसीको जनशक्ति व्यवस्थापन गरिनेछ ।

(ख) उपदफा (१) को (क) मा जुनसुकै लेखिएको भएतापनि नगर आधारभूत अस्पताल संचालन स्रोतको अवस्था तथा किफायती एवं लागत प्रभावकारी फार्मेसी सेवा व्यवस्थापनको अवस्थाको लेखाजोखा गरी फार्मेसी सेवाका दक्ष

प्राविधिकहरुसंग व्यक्तिगत वा संस्थागत प्राविधिक सेवा करार सम्झौता गरी आवश्यक जनशक्ति व्यवस्थापन गर्न बाधा पर्ने छैन ।

(ग) उपदफा (१) (ख) को व्यवस्था अन्तर्गत खटाइने फार्मेसी सेवाका कर्मचारीलाई न्युनतम पारिश्रमिक वा निर्वाह खर्च र लाभ साझेदारीको सुविधा अस्पताल व्यवस्थापन समितिको सिफारिस बमोजिम उपलब्ध गराइनेछ ।

७. **ब्राण्ड तोकी सिफारिस गर्न नहुने :** (१) चिकित्सक तथा स्वास्थ्य कर्मीले विरामीलाई ब्राण्ड तोकी औषधि तथा उपचारजन्य प्रसाधन सिफारिस गर्न हुदैन ।

(२) उपदफा (१) मा जुनसुकै लेखिएको भए पनि विशेष औचित्य भएमा ब्राण्ड तोकी सिफारिस गर्न बाधा पर्ने छैन ।

८. **अस्पताल र स्वास्थ्य संस्था फार्मेसी संचालन समिति सम्बन्धी व्यवस्था :** (१) अस्पताल र स्वास्थ्य संस्थामा औषधि तथा औषधिजन्य पदार्थ वा सामाग्रीवाट दिईने सेवा व्यवस्थित एवं प्रभावकारी रुपमा सञ्चालन गर्न गराउन अस्पताल/स्वास्थ्य संस्था संचालन तथा व्यवस्थापन समिति र दुहबी नगरपालिका प्रति उत्तरदायी रहने गरी देहाय बमोजिमको अस्पताल र स्वास्थ्य संस्था फार्मेसी सञ्चालन समिति गठन हुनेछ ।

**अ. अस्पताल फार्मेसी संचालन समिति**

| | |
|---|---|
| (क) प्रमुख प्रशासकीय अधिकृत, दुहबी नगरपालिका | – अध्यक्ष |
| (ख) अस्पताल प्रमुख | – सदस्य |
| (ग) स्वास्थ्य शाखा प्रमुख/प्रतिनिधि | – सदस्य |
| (घ) लेखा अधिकृत वा निजले तोकेको लेखाको कर्मचारी | – सदस्य |
| (ङ) अस्पताल जिन्सी शाखा प्रमुख | – सदस्य |
| (च) फर्मासिष्ट वा फार्मेसी प्रमुख | सदस्य सचिव |

**आ. स्वास्थ्य संस्था फार्मेसी सञ्चालन समिति**

(क) सम्बन्धित स्वास्थ्य संस्थाका व्यवस्थापन समिति अध्यक्ष – अध्यक्ष

(ख) स्वास्थ्य संस्था प्रमुख – सदस्य

(ग) सम्बन्धित वडाका स्वास्थ्य क्षेत्र हेर्ने वडा सदस्य – सदस्य

(घ) सम्बन्धित वडाका वडा सचिव – सदस्य

(ङ) भण्डार तथा फार्मेसी शाखा कर्मचारी – सदस्य

(२) समितिको काम, कर्तव्य र अधिकार : समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।

(क) ड्रग एण्ड थेराप्युटिक समितिबाट तयार गरिएको परिमाण सहितको फार्मेसीमा राखिने औषधी तथा औषधीजन्य सामग्रीहरुको सूची अनुमोदन गर्ने ।

(ख) ड्रग एण्ड थेराप्युटिक समितिबाट योग्यता निर्धारण गरिएको औषधी तथा औषधीजन्य सामाग्रीको उत्पादक तथा आपुर्तीकर्ताहरुको अध्ययन गरी अनुमोदन गर्ने ।

(ग) ड्रग एण्ड थेराप्युटिक समितिबाट सूची तथा परिमाण निर्धारण गरिएको औषधी तथा औषधीजन्य सामाग्रीहरुको खरिद तथा आपूर्ति व्यवस्थापनका लागि आवश्यक स्रोत पहिचान एवं एकीन गर्ने ।

(घ) ड्रग एण्ड थेराप्युटिक समितिबाट सूची तथा परिमाण निर्धारण गरिएको औषधी तथा औषधीजन्य सामाग्रीहरुको खरिद तथा आपूर्ति व्यवस्थापन गर्ने ।

(ङ) खरिद तथा आपूर्ति भइ आएको औषधी तथा औषधीजन्य सामग्रीहरुको ड्रग एण्ड थेराप्युटिक समितिबाट सिफारिस गरिएको बिक्री मूल्यको आवश्यक अध्ययन गरि मुल्य निर्धारणका लागि अस्पताल व्यवस्थापन समिति समक्ष पेश गर्ने ।

(च) फार्मेसी प्रमुख/आस्पताल प्रमुख/स्वास्थ्य संस्था प्रमुखबाट प्रस्तुत गरिएको फार्मेसी सेवाको आय–व्यय एवं हरहिसाब एकीन गर्ने र अनुमोदनका लागि अस्पताल व्यवस्थापन समिति समक्ष पेश गर्ने ।

(छ) फार्मेसी सेवाको समय व्यवस्थापन, विस्तार एवं अन्य सुधारका लागि आवश्यक सिफारिस सहित अस्पताल व्यवस्थापन समिति समक्ष पेश गर्ने ।

(ज) अस्पताल /स्वास्थ्य संस्थाको फार्मेसीको समय समयमा अनुगमन, निरीक्षण गर्ने ।

(झ) फार्मेसी सेवा संचालन सम्बन्धमा माथिल्लो तालुक निकायबाट प्राप्त निर्देशनहरु कार्यान्वयन गर्ने गराउने ।

(३) समितिको बैठक सम्बन्धी व्यवस्था :

(क) समितिको बैठक कम्तीमा प्रत्येक दुई महिनामा बस्नुपर्नेछ ।

(ख) बैठक अध्यक्षले बोलाएको मिति र समयमा बस्नेछ ।

(ग) समितिको बैठक बस्नुभन्दा कम्तिमा पनि ४८ घण्टा अगावै सदस्य सचिवले सबै सदस्यहरुलाई बैठकको कार्यसूची उपलब्ध गराउनुपर्ने छ ।

(घ) बैठकको अध्यक्षता अध्यक्षले गर्नेछ । निजको अनुपस्थितिमा वरिष्ठ चिकित्सकले गर्नेछ ।

(ङ) समितिको बैठकको निर्णय उपस्थित सदस्यको बहुमतबाट हुनेछ ।

(च) बैठकको निर्णय अध्यक्ष र सदस्य सचिवले प्रमाणित गर्नेछ ।

(छ) समितिको बैठक सम्बन्धि अन्य कार्यविधी समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

**९. ड्रग एण्ड थेराप्युटिक समिति सम्बन्धी व्यवस्थाः** (१) अस्पतालबाट दिइने फार्मेसी सेवालाई व्यवस्थित एवं प्रभावकारी रुपमा संचालन गर्नको लागि अस्पताल फार्मेसी संचालन समिति, अस्पताल/स्वास्थ्य संस्था संचालन तथा व्यवस्थापन समिति र दुहबी नगरपालिका प्रति उत्तरदायी रहने गरी देहाय बमोजिमको अध्यक्ष तथा सदस्यहरु रहने गरी एक ड्रग एण्ड थेराप्युटिक समिति गठन गर्नुपर्नेछ ।

(क) अस्पताल प्रमुख वा निजले तोकेको वरिष्ठ चिकित्सक - अध्यक्ष

(ख) चिकित्सकीय विभाग वा इकाई प्रमुखहरु - सदस्य

(ग) अस्पताल नर्सिंग प्रमुख - सदस्य

(घ) अस्पताल प्रशासन र आर्थिक प्रशासन प्रमुख - सदस्य

(ङ) फार्मेसी प्रमुख - सदस्य सचिव

(२) समितिको काम, कर्तव्य र अधिकार : समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।

(क) फार्मेसीमा राखिने औषधी तथा औषधीजन्य सामग्रीहरुको सूची निर्धारण गर्ने र अस्पताल फार्मेसी संचालन समितिबाट अनुमोदन एवं स्वीकृत गराउने।

(ख) आवश्यकता अनुसार औषधी तथा औषधीजन्य सामाग्रीको उत्पादक तथा आपुर्तीकर्ताहरुको योग्यता निर्धारणका लागि अस्पताल फार्मेसी संचालन समितिमा सिफारिस गर्ने ।

(ग) खरिद तथा आपूर्ति भइ आएको औषधी तथा औषधीजन्य सामग्रीहरुको बिक्री मूल्य लेखाजोखा गरी मूल्य निर्धारण सम्बन्धी सिफारिसका लागि अस्पताल फार्मेसी संचालन समितिमा पेश गर्ने ।

(घ) अस्पताल फर्मुलरीको स्वीकृती, परिमार्जन वा संशोधन गर्ने र अस्पताल फार्मेसी संचालन समिति मार्फत अस्पताल व्यवस्थापन समितिबाट अनुमोदन एवं नगरपालिकाको कार्यालयबाट स्वकिृतका लागि पेश गर्ने।

(ङ) औषधी सेवन वा प्रयोगबाट हुनसक्ने वा हुने प्रतिकुल प्रभावहरुको (Adverse Drug Reactions) अनुगमन तथा अध्ययन गर्ने गराउने ।

(च) अस्पतालबाट प्रदान गर्ने उपचारको सम्बन्धमा स्तरीय उपचार प्रोटोकल (Standard Treatment Protocol) तयार गरी अस्पताल फार्मेसी संचालन समिति मार्फत अस्पताल व्यवस्थापन समितिबाट अनुमोदन एवं नगरपालिकाको कार्यालयबाट स्वकिृत गराई लागु गराउने ।

(छ) फार्मेसी सेवा संचालन सम्बन्धमा माथिल्लो तालुक निकायबाट प्राप्त निर्देशनहरु कार्यान्वयन गर्ने गराउने ।

(३) समितिको बैठक सम्बन्धी व्यवस्था :

(क) समितिको बैठक कम्तीमा प्रत्येक दुई महिनामा बस्नुपर्नेछ ।

(ख) बैठक अध्यक्षले बोलाएको मिति र समयमा बस्नेछ ।

(ग) समितिको बैठक बस्नुभन्दा कम्तिमा पनि ४८ घण्टा अगावै सदस्य सचिवले सबै सदस्यहरुलाई बैठकको कार्यसूची उपलब्ध गराउनुपर्ने छ ।

(घ) बैठकको अध्यक्षता अध्यक्षले गर्नेछ । निजको अनुपस्थितिमा वरिष्ठ चिकित्सकले गर्नेछ ।

(ङ) समितिको बैठकको निर्णय उपस्थित सदस्यको बहुमतबाट हुनेछ ।

(च) बैठकको निर्णय अध्यक्ष र सदस्य सचिवले प्रमाणित गर्नेछ ।

(छ) समितिको बैठक सम्बन्धि अन्य कार्यविधी समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

**१०. फार्मेसी प्रमुखको काम, कर्तव्य र अधिकार :** (१) फार्मेसी प्रमुखको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।

(क) दुहबी नगरपालिका, नगर आधारभूत अस्पताल संचालन तथा व्यवस्थापन समिति र ड्रग एण्ड थेराप्युटिक समितिको निर्णय कार्यान्वयन गर्ने गराउने ।

(ख) ड्रग एण्ड थेराप्युटिक समितिको बैठकको लागि प्रस्ताव तयार गरी पेश गर्ने ।

(ग) औषधी तथा औषधीजन्य सामग्रीहरुको सूची तयार गर्ने गराउने ।

(घ) अस्पताल फार्मेसीको जिन्सी तथा नगद कारोवारको नियमित, दैनिक हरहिसाब अद्यावधिक राखी सप्ताहिक, मासिक, त्रैमासिक, अर्धवार्षिक र वार्षिक प्रतिवेदन अस्पताल प्रमुख मार्फत अस्पताल व्यवस्थापन समितिमा पेश गर्ने ।

(ङ) गुणस्तरीय फार्मेसी सेवाको व्यवहार प्रवर्द्धन गर्ने ।

(च) मातहतका कर्मचारीहरुको सुपरीवेक्षण गर्ने ।

(छ) दुहबी नगरपालिका, नगर आधारभूत अस्पताल संचालन तथा व्यवस्थापन समिति र ड्रग एण्ड थेराप्युटिक समितिले तोकेको अन्य कार्यहरु गर्ने ।

## परिच्छेद–३

# विविध

**११. निर्देशन दिन सक्ने :** (१) यस कार्यविधिमा उल्लेख गरिएको बाहेक दुहबी नगरपालिकाले समय सापेक्ष फार्मेसी सञ्चालन सम्बन्धी विषयमा अस्पताल तथा स्वास्थ्य संस्थाहरुलाई निर्देशन दिन सक्नेछ र सो निर्देशन पालना गर्नु अस्पताल तथा स्वास्थ्य संस्थाहरुको कर्तव्य हुनेछ ।

**१२. स्तरीय संचालन कार्यविधी (Standard Operation Procedure) निर्माण गर्नुपर्ने :**

(१) कुशल फार्मेसी अभ्यास (Good Pharmacy Practice) अनुकुल हुने गरी औषधी खरिद, भण्डारण, औषधीको गुणस्तर कायम गर्ने , इन्भेन्टरी व्यवस्थापन , लागु तथा मनोदीपक औषधीहरुको भण्डारण , औषधीको गुज्रने म्याद , फोहोर व्यवस्थापन , किरा तथा मुसाको नियन्त्रण सम्बन्धमा अस्पतालले स्तरीय संचालन कार्यविधी निर्माण गर्नुपर्नेछ ।

(२) उपदफा (१) बमोजिम बनाइएका स्तरीय संचालन कार्यविधि कार्यान्वयन गर्नु फार्मेसी प्रमुखको कर्तव्य हुनेछ ।

**१३. अनुगमन तथा मुल्याङ्कन गरी प्रतिवेदन पठाउनु पर्ने :** (१) अस्पताल तथा स्वास्थ्य संस्थामा फार्मेसी सञ्चालनको अवस्था एवं उक्त सेवालाई प्रभावकारी रुपमा सञ्चालन गर्नका लागि नगरपालिकाको स्वास्थ्य शाखा प्रमुखले चौमासिक रुपमा अनुगमन तथा मुल्याङ्कन गरी सो को प्रतिवेदन नगरपालिकाको कार्यालयमा पेश गर्नुपर्नेछ ।

**१४. प्रच्चलित कानून बमोजिम हुने :** यस कार्यविधिमा उललेख नभएका विषयमा प्रच्चलित कानूनमा लेखिए बमोजिम हुनेछ ।

**१५. खारेजी र बचाउ :** (१) अस्पतालको फार्मेसीबाट औषधि तथा औषधिजन्य सामग्रीहरु सम्बन्धी यस अघि गरिएका काम कारवाही यसै कार्यविधि बमोजिम भए गरेको मानिनेछ ।

(२) दुहबी नगरपालिका नगरकार्यपालिकाले यस कार्यविधिमा कानूनी व्यवस्था तथा अनुसूचीहरू आवश्यकता अनुसार हेरफेर र थपघट गर्न सक्नेछ ।

(३) यस कार्यविधिमा लेखिएका कुनै कुरा नेपाल सरकार, कोशी प्रदेश सरकार तथा दुहबी नगरपालिकाको मूलं कानूनको कुनै व्यवस्था संग बाझिएमा बाझिएको हदसम्म स्वतः अमान्य हुनेछ ।

**आज्ञाले**
**राजकुमार के.सी.**
**प्रमुख प्रशासकीय अधिकृत**